नेपाल सरकार
गृह मन्त्रालय
## सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय
मानवश्रोत विभाग, तालिम निर्देशनालय,
भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भु काठमाण्डौ।

### नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५/१२/२२ गते, सूचना नंम्बर:०८(०७५/०७६)

श्री सशस्त्र प्रहरी बल नेपालमा रिक्त रहेको प्राविधिक समूह (स्वास्थ्य) तर्फका उल्लेखित पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु १०/- को टिकट टांसी (स्वयं उपस्थित भई) दरखास्त आह्वान गरिन्छ ।

१. **दरखास्त लिने मिति** :- २०७५/१२/२४ गते, बिहान १०:०० बजे देखि २०७६/०१/२३ गते, १७:०० बजे सम्म ।
२. **सम्पर्क मिति** :- २०७६/०१/२७ गते, विहान ११:०० बजे फाराम दर्ता गरेको सम्वन्धित कार्यालयमा ।
३. **दरखास्त फाराम बुझाउने स्थान** :- सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भु, काठमाण्डौ ।
४. **आवश्यक पद संख्या** :-

| पद | विज्ञापन नं. | खुला | समावेशी | | | | | अमर/अशक्त स.प्र.क. सन्तती | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | | |
| प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स /Staff Nurse) | १६(०७५/०७६) | १० | २ | ३ | ३ | १ | - | - | १९ |
| प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (ल्याव टेक्निसियन/Lab Technician) | १७(०७५/०७६) | २ | - | १ | १ | - | - | - | ४ |
| प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (अप्थाल्मिक असिस्टेन्ट/Ophthalmic Assistant) | १८(०७५/०७६) | १ | - | - | - | - | - | - | १ |
| प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (फूड एण्ड न्यूट्रेसन असिस्टेन्ट/Food & Nutrition Assistant) | १९(०७५/०७६) | १ | - | - | - | - | - | - | १ |

५. नियुक्ति हुनको लागि आवश्यक योग्यता :-

| सि.नं. | दर्जा | उमेरको हद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|
| १. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स/Staff Nurse) | विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २७ वर्ष ननाघेको | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।<br>ख. आँखा माईनस २.५ वा प्लस २.५ भन्दा बढी कमजोर नभएको,<br>ग. पुरुषको हकमा छाती नफुलाउँदा कम्तिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>घ. पुरुषको लागि कम्तिमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तिमा पाँच फिट उचाई भएको,<br>ङ. पुरुषको लागि कम्तिमा ५० के.जी. र महिलाको लागि कम्तिमा ४२ के.जी. तौल भएको,<br>च. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>छ. प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा सञ्चालन हुने)<br>ज. आफुले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>झ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, |

| | | | |
|---|---|---|---|
| | | | ञ. दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>ट. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>ठ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>ड. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>ढ. नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (ल्याव टेक्निसियन/ Lab Technician) | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पूरा भई २७ बर्ष ननाघेको | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।<br>ख. सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदको लागि तोकिए बमोजिम (क) बाहेक अन्य योग्यता पूरा भएको । |
| ३. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (अप्थाल्मिक असिस्टेन्ट/ Ophthalmic Assistant) | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पूरा भई २७ बर्ष ननाघेको | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।<br>ख. सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदको लागि तोकिए बमोजिम (क) बाहेक अन्य योग्यता पूरा भएको । |
| ४. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (फूड एण्ड न्यूट्रिसन असिस्टेन्ट / Food & Nutrition Assistant) | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पूरा भई २७ बर्ष ननाघेको | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरेको ।<br>ख. सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदको लागि तोकिए बमोजिम (क) बाहेक अन्य योग्यता पूरा भएको । |

नोट :- बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरुले ३० (तीस) वर्ष उमेर पुरा नभए सम्म राजपत्र अनङ्कीत पदको खुला प्रतियोगितामा उम्मेदवार हुन सक्ने छन् ।

६. राजश्व दस्तुर :-

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (ट्रेड सबै) | दरखास्त बुझाउँदा रु ४०० (चार सय) बुझाउनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्नेछ । |

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ :-**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ प्रति ।

(ग) आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति ।

(घ) आदिवासी/जनजातीका लागि नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाती भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(ङ) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(च) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(छ) पिछडिएका क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको र सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त दिँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिसको सक्कल प्रति ।

८. **परीक्षा बिधि :-**

(क) प्रारम्भिक शारीरिक परिक्षण (ख) शारीरिक सहिष्णुता परीक्षा (ग) विस्तृत स्वास्थ्य परिक्षण

(घ) लिखित परीक्षा (**लिखित परीक्षा लोक सेवा आयोगद्वारा संचालन हुनेछ**)

(ङ) विशेष स्वास्थ्य परीक्षण (च) अन्तर्वार्ता

पुनश्च:

(क) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षमा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कलै प्रति साथमा लिई उपस्थित हुन पर्नेछ ।

(ख) हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।

(ग) परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फ उम्मेदवारहरु बिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(घ) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसार क्रममा गरिनेछ।

| | | | |
|---|---|---|---|
| (अ) खुला | (आ) महिला | (इ) आदिवासी/जनजाती | (ई) मधेसी |
| (उ) दलित | (ऊ) पिछडिएको क्षेत्र | (ए) अमर/अशक्त स.प्र.क. सन्तती | |

(ङ) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय बाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तालिम गर्नुपर्नेछ।

(च) दरखास्त फाराम सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट **www.apf.gov.np** बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्रहरु राखी सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, भर्ना तथा छनौट शाखामा बुझाउन सकिनेछ।

(छ) दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमानै ल्याउनु पर्नेछ।

(ज) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनुपर्नेछ (पुरुषको लागि मात्र) ।

(झ) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

(ञ) **बुदा न. ८ को घ मा उल्लेखित लिखित परीक्षा लोक सेवा आयोगबाट तोकिएको स्थानमा संचालन हुनेछ ।**

**नोट**:-उम्मेदवारहरुले आगामी परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट ***www.apf.gov.np*** बाट तथा नेपाल टेलिकमको ***SMS*** सेवा मार्फत ***RCT <Space>*** दर्ता नं. टाईप गरी १११४ मा ***SMS*** गरी जानकारी लिन सकिनेछ । तर प्राविधिक कारणबस नतिजा बाझिन गएमा आधिकारीक पत्रद्वारा प्रकाशित सूचनानै मान्य हुनेछ ।

मानवश्रोत विभाग,तालिम निर्देशनालय,
भर्ना तथा छनौट शाखा,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौ ।